EMIS CODE: 400140013 NEB CODE: 40025 SEE CODE: 41005

# श्री रामकोट माध्यमिक विद्यालय
# SHREE RAMKOT SECONDARY SCHOOL

रूपा-७, कास्की
Rupa-7, Kaski
स्था: २०३२ (Estd.: 2032)

पत्र संख्या (Letter No.): २०८३
चलानी नं. (Issue No.): ७१

मिति (Date): २०८३।०६/०५

श्री सम्बन्धित सबै।

विषयः स्थायी शिक्षक सरुवा लागि दर्खास्त आह्वान सम्बन्धमा।

प्रस्तुत विषयमा यस विद्यालयको मिति २०८३।०६।०५ गते बसेको विद्यालय ब्यवस्थापन समितिको बैठकको निर्णय अनुसार यस विद्यालयमा माध्यमिक तह तृतीय श्रेणी सामाजिक विषयको १ (एक) शिक्षक दरबन्दी रिक्त रहेको हुँदा शिक्षा नियमावली, २०५९ ( दशौं संशोधन, २०८३) को सरुवासम्बन्धी व्यवस्था बमोजिम उक्त दरबन्दीमा स्थायी शिक्षक सरुवामार्फत पदपूर्ति गर्नुपर्ने भएकाले माध्यमिक तह तृतीय श्रेणी सामाजिक विषयको स्थायी दरबन्दीमा कार्यरत तथा सरुवाका लागि योग्य, इच्छुक शिक्षकहरूबाट यो सूचना प्रकाशित भएको मिति **२०८३/०६/०५ देखि १५दिन (२०८३/०६/१९ कार्यालय समय)** भित्र दरखास्त आह्वान गरिएको छ।

**पेश गर्नुपर्ने कागजातहरू:**

१. सरुवाका लागि निवेदन।
२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
३. आफ्नो सेवा अवधि खुल्ने कागजात।
४. स्थायी / अस्थायी नियुक्तिपत्रको प्रमाणित प्रतिलिपि।
५. शैक्षिक योग्यता तथा तालिमका प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि।
६. सम्बन्धित विद्यालयको सहमति पत्र।
७. सम्बन्धित स्थानीय तहको सहमति पत्र।
८. शिक्षा नियमावली (दशौ संशोधन,२०८३) बमोजिम प्रथामिकता दाबी गर्ने प्रमाण/कागजातहरु (आवश्यक भएमा)
९. शिक्षा नियमावली २०५९ को अनुसूची १७ बमोजिमको फारम।

उक्त अवधिभित्र प्राप्त निवेदनहरू शिक्षा नियमावली, २०५९ ( दशौं संशोधन,२०८३) तथा प्रचलित कानुनबमोजिम मूल्याङ्कन गरी आवश्यक प्रक्रिया अगाडी बढाइने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। रित नपुगेका र म्याद समाप्त पछी आएका निवेदन उपर कुनै कार्बाही हुनेछैन। (उक्त पदमा जिल्लान्तर सरुवा नहुने व्यहोरा जानकारी गरिन्छ।)

**बोधार्थ:-**

१. श्री शिक्षा विकास तथा समन्वय एकाइ, कास्की जानकारी तथा वेबसाइटमा प्रकाशनका लागि।
२. श्री शिक्षा, युवा तथा खेलकुद शाखा, रुपा गाँउपालिका जानकारी तथा वेबसाइटमा प्रकाशनका लागि।

**नोटः** निवेदकले कागजातहरु पठाउनको लागि बिद्यालयमा स्वंम उपस्थित भई वा तलको Email पनि प्रयोग गर्न सक्नुहुनेछ।

Email : ramkotmabi123@gmail.com

सम्पर्क नम्बर:- ९८५६०८०३७८,९८४१४६५४१८,९८४६२८४५३२,९८४६२१९६३४

प्रधानाध्यापक
प्रकाश सुवेदी
प्रधानाध्यापक

Scanned with CamScanner